फोन नं. ०३७-६२००७५

# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्या: २०७६/०७७
चलानी नं.: ११३६

१ नं. प्रदेश, नेपाल
मिति : २०७७/०२/०६

श्री चिशंखुगढी गाउँपालिका अन्तर्गतका सम्पूर्ण व्यवसायीहरु,

**विषयः व्यवसाय दार्ता सम्बन्धमा।**

प्रस्तुत विषयको सम्बन्धमा यस चिशंखुगढी गाउँपालिका अन्तर्गत विभिन्न व्यवसाय गर्ने व्यवसायीहरुले चिशंखुगढी गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कार्यविधिको दफा ४ अनुसारको विषयगत क्षेत्रमा उल्लेखित व्यवसायहरु गाउँपालिकामा दर्ता गर्नु पर्ने व्यवस्था भएको हुँदा मिति २०७७।०२।०५ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी अनिवार्य रुपमा व्यवसाय दर्ता गर्न गराउन हुन अनुरोध छ। अन्यथा प्रचलित कानून बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानाकारीका लागि अनुरोध छ।

<u>तपसिल</u>

१. हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो।
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
३. वडा कार्यालयको सिफारिश।
४. व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
५. अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा।

**वोधार्थ:**
श्री सूचना प्रविधि शाखाः- कार्यालयको वेभसाईटमा अपलोड गरिदिनु हुन।

२०७७।०२।०६
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत